# शोध सारांश

'इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन' शीर्षक रहेको यस शोधकार्यमा इन्द्रबहादुर राईका प्रकाशित **विपना कतिपय** (सन् १९७१), **कथास्था** (सन् १९७२), **कठपुतलीको मन** (सन् १९८९) कथा सङ्ग्रह र **आज रमिता छ** (सन् १९६४) उपन्यासमा केन्द्रित भएर लोक-सांस्कृतिक दृष्टिले विषयको अध्ययन गरिएको छ। नेपाली लोकजीवन र तिनको संस्कृति जातिगत रूपमा भिन्नाभिन्नै र आ-आफ्नै विशेषताका देखापर्छन्। लोक-सांस्कृतिक दृष्टिमा आख्यानकार इन्द्रबहादुर राईका गद्याख्यानको अध्ययनले नेपाली लोकसंस्कृति धनी छ भन्ने देखिन्छ। धनी यसकारणले छ- एकता, समग्रता, पारस्परिकता, खुलापन, स्नेह वा सच्याइले आख्यानको लोकजीवनलाई बाँधेर राख्न सकेको देखिन्छ।

इन्द्रबहादुर राईका गद्याख्यानका लोकजीवन विविध छन्। विविध हुनाले तिनको संस्कार, रहनसहन, बोलीभाषा, संस्कृति पनि जात र ठाउँअनुसार बेग्लाबेग्लै छन्। राष्ट्र, क्षेत्र र स्थानविशेषका संस्कृतिलाई उनका गद्याख्यानको लोकजीवनले समेट्ने काम गरेको छ। त्यसो हुनाले ठाउँविशेष र नेपाली जातजाति विशेषका भिन्नाभिन्नै लोक-संस्कृतिलाई बुझ्ने र जान्ने अवसर प्राप्त भएको छ। यस सन्दर्भमा नेपाली र अन्य लोकजीवनमा प्रचलनमा रहेका संस्कार-संस्कृति, रहनसहन, मूल्य मान्यता, जीवनपद्धति के कस्ता रहेका छन् भन्ने विषयलाई अध्ययन-विश्लेषण गर्ने लक्ष्यले इन्द्रबहादुर राईका गद्याख्यानसम्बन्धी यो शीर्षक चयन गरिएको हो। यसो गर्ने क्रममा संस्कृतिविद् जर्ज एम फॅस्टर्, वारेन एस वाकर, एरिक जे सनक्विस्ट, हरद्वारी लाल शर्मा, कृष्णदेव उपाध्याय, तुलसी दिवस, रत्नध्वज जोशी, चूडामणि बन्धुद्वारा प्रस्तुत अवधारणालाई अवलम्बन गरी वाकिल अहमले बनाएको विधागत वर्गीकरणका पद्धतिलाई समायोजन गरेर गद्याख्यान विश्लेषणका आधार तयार पारी लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका गद्याख्यानको विश्लेषण गरिएको छ। लोकतत्त्वको अध्ययनमा यो विधि उपयोगी हुने हुँदा सो पद्धतिलाई अपनाइएको छ। अध्याय दुईमा यस पद्धतिको व्याख्यालाई प्रस्तुत गरिएको छ। इन्द्रबहादुर राईका आलोच्य गद्याख्यानमा पाइने लोकजीवन र तिनको संस्कृतिलाई लोक-सांस्कृतिक दृष्टिले विश्लेषण गर्नका निम्ति प्रस्तुत पद्धति छनौट गरिएको हो। इन्द्रबहादुर राईका आलोच्य गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन गर्नु नै यसको मुख्य विषय हो। यस शोधकार्यमा जम्मा छवटा अध्यायहरू छन्। प्रत्येक अध्यायलाई एक, दुई, तीन, चार, पाँच, छ भनी विभाजन गरिएको छ।

अध्याय एकमा 'शोधकार्यको परिचय' शीर्षक राखिएको छ। यसअन्तर्गत शोध शीर्षक, शोधको प्रयोजन, शोध समस्याकथन, शोधकार्यको आवश्यकता र औचित्य, शोधकार्यको सीमा र क्षेत्र, शोधको सामग्री स्रोत, शोध विधि, सैद्धान्तिक ढाँचा र विश्लेषण विधि, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको प्रारूप राखिएको छ।

अध्याय दुईमा 'लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू' शीर्षक राखिएको छ। यसमा लोक-सांस्कृतिक अध्ययनका लागि ढाँचा तयार पारिएको छ, जसमा लोक र संस्कृतिको परिचय, लोकवार्ता, लोकप्रिय संस्कृति, शिष्ट संस्कृति, सांस्कृतिक अध्ययन, पर्यावरण एवम् पारिस्थितिकीमाझ लोक-संस्कृतिको सम्बन्ध, लोक-सांस्कृतिक अध्ययनको क्षेत्र र वर्गीकरणबारे संस्कृतिविद्हरूले दिएका अवधारणालाई उल्लेख गरी गद्याख्यान विश्लेषणका निम्ति अपनाइएका लोक-सांस्कृतिक आधारबारे चर्चा गरिएको छ। यसको अन्त्यमा निष्कर्ष दिइएको छ। यस अध्यायको सारांशलाई निम्नानुसार बुँदाहरूमा राखिन्छ-

- 'संस्कृति' शब्दको अघि 'लोक' विशेषण जोडेर बनेको 'लोक-संस्कृति' शब्दले लोकले सिकेको र ग्रहण गरेको लोकाचार, लोकरीतिरिबाज, प्रथा, रहनसहन, बोलीवचन, चाडपर्व, परम्परागत भाँडाकुँडा, गरगहना आदि यिनै मूल्य मान्यता, विश्वास तथा जीवनपद्धति र लोकपरम्पराको परिष्कृत स्वरूपलाई बुझाउँछ। यिनै विषयलाई लोक-सांस्कृतिक अध्ययनको क्षेत्र मान्न सकिन्छ।
- शिष्ट संस्कृति आभिजात्य वर्ग र सभ्य समाजको बौद्धिक जीवनप्रक्रिया हो।
- लोकप्रिय संस्कृति विज्ञानको विकास, शिक्षाको प्रसार, लोकतन्त्रको उदय, श्रमिकवर्गका उत्थानमा विश्वास गर्ने वैचारिक अवधारणा हो।
- लोक-संस्कृति मानवीय सामाजिक अनुभवको सिर्जनात्मक रूपान्तरण एवम् नैसर्गिक जीवनमूल्य र सार्वकालिक मानव मूल्यमा विश्वास गर्ने सामूहिक सांस्कृतिक रूप हो।
- लोक-संस्कृति र सांस्कृतिक अध्ययनको विषय संस्कृति नै हो। तर सांस्कृतिक अध्ययनले शिष्ट र अशिष्ट, ग्रामीण र सहरी, उच्च र निम्न संस्कृतिको कुनै विभेद नगरी लिङ्ग, जाति र वर्गका अध्ययनमा केन्द्रित भई सांस्कृतिक व्यवहार र तिनको शक्तिको सम्बन्धलाई केलाउने काम गर्छ।
- नेपालीजीवनमा खोलानाला, नदी, देउराली, वृक्ष, सूर्य, वायु, जल, घरती, पशुप्राणी आदिलाई

देवीदेवताका प्रतीकात्मक स्वरूप मानेर पूजा-अर्चना गर्ने परम्परा र विश्वास रहेको पाइन्छ। यसैले लोक-संस्कृति र पर्यावरणको अभिन्न सम्बन्ध हुन्छ भन्ने देखिन्छ।

- इन्द्रबहादुर राईका गद्याख्यानलाई लोक-सांस्कृतिक दृष्टिले औपचारिक, भौतिक, प्रदर्शनात्मक, कार्यात्मक भनी चार मुख्य विधाहरूमा बाँढेर अध्ययन गरिएको छ। जसमा औपचारिक लोक-संस्कृतिअन्तर्गत अनुष्ठान एवम् लोकसंस्कार, विश्वासजन्य परम्परागत मान्यता, धर्मदर्शन, लोकव्यवसाय, लौकिक आचार-व्यवहार, लोकसाहित्य, लोक शब्दावली; भौतिक लोक-संस्कृतिअन्तर्गत भाँडाकुँडा, गरगहना, वेशभूषा, घर-भवन, यायायातका साधन, जडीबुडी र उपचारपद्धति, खानपान र परिकार, लोकवाद्य; प्रदर्शनात्मक लोक-संस्कृतिमा धार्मिक-सांस्कृतिक उत्सव, लोकखेल, लोकोत्सव, लोकसङ्गीत, चित्रकला, अभिनय, जातीय जीवन, न्याय-व्यवस्था, सुरक्षा-व्यवस्था; कार्यात्मक लोक-संस्कृतिमा डकर्मी, सिकर्मी, सुनार, लोहार, ठटेरो, बाँसकर्मी, मूर्तिकारद्वारा उत्पादित हस्तकौशलको अध्ययन गरिएको छ।

अध्याय तीनमा 'गद्याख्यानको स्वरूपगत परिचय र लोक-सांस्कृतिक दृष्टिले भारतीय नेपाली गद्याख्यानको परम्परामा इन्द्रबहादुर राई' शीर्षक राखिएको छ। यसमा गद्य र आख्यानको परिचय र त्यसको स्ववरूपबारे चर्चा गरिएको छ। त्यसपछि इन्द्रबहादुर राईका कृतित्व र साहित्यिक व्यक्तित्वको विकासक्रमबारे प्रकाश पारेर लोक-सांस्कृतिक पृष्ठभूमि, लोक-सांस्कृतिक दृष्टिले भारत स्वतन्त्र पूर्व र पछिका नेपाली कथा र उपन्यासपरम्पराको अवलोकन गरिएको छ। यसको अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ। यसको सारांश यसप्रकार छ-

- 'गद्य' छन्द र लयको औपचारिक बन्धन नभएको पद्यभन्दा भिन्न शैली हो भने 'आख्यान' कथानकको शृङ्खला भएको कल्पित वर्णनात्मक इतिवृत्तलाई भनिन्छ। कथा र उपन्यास दुवै आख्यान विधाभित्र पर्ने र दुवैका शैली गद्यात्मक हुने हुनाले यसलाई गद्याख्यान भनिन्छ।
- आधुनिक भारतीय नेपाली गद्याख्यानमा दार्जिलिङ, सिक्किम, डुवर्स र पूर्वाञ्चल भारतको नेपाली लोकजीवन र तिनको लोकरीतिरिबाज, विभिन्न लोकविश्वास, रहनसहन, कलाकौशल, लोकव्यवहार, लोकभाषा, पारिवारिक जीवन, जातीय जीवन, लोकव्यवसाय र न्यायप्रणाली आदि लोक-सांस्कृतिक पक्ष कतै विशिष्ट र कतै सामान्य रूपमा चित्रण भएको बोध हुन्छ।

- छपडी, माघे बिहु र बैसाखे रङ्गाली बिहु, परशुराम कुण्ड, कुल पूजा, गोठ पूजा, बूढीबज्यूको पूजा, डाँङ्गरिया र भाङ्गको पूजा गर्ने परम्परा पूर्वाञ्चल क्षेत्रमा बसोवास गर्ने नेपाली लोकजीवनमा प्रचलित छ भन्ने कुरा आलोच्य आख्यानको चित्रणमा पाइन्छ।
- इन्द्रबहादुर राई ३ फेब्रुअरी, १९२७ मा जन्मेर ०६ मार्च, २०१८ मा स्वर्गारोहण भएका हुन्। उनले प्रायः छ दशकसम्म साहित्यिक यात्रा निरन्तर राखी नेपाली साहित्यको सेवा गरेका छन् भने नेपाली साहित्यमा **तेस्रो आयाम** (सन् १९६३) र **लीला लेखन** (सन् १९७७) दुईवटा साहित्यिक आन्दोलनको अभियन्ता भएर योगदान गरेका छन्। उद्यमशील निरन्तर नव्यताधर्मी राईले कथा, उपन्यास, समालोचना, निबन्ध, दैनिकीय, नाटक आदि विभिन्न विधामा कलम चलाएका छन्।

अध्याय चारमा 'इन्द्रबहादुर राईका कथाहरूको लोक-सांस्कृतिक अध्ययन' शीर्षक राखिएको छ। यसअन्तर्गत प्रारम्भमा राईको कथाहरूका विभिन्न चरणबारे अवलोकन गरिएको छ। त्यसपछि लोक-सांस्कृतिक दृष्टिले तिनका कथाहरूलाई चार भागमा विभाजन गरेर विश्लेषण गरिएको छ। त्यस चार भागमा अनुष्ठान एवम् लोकसंस्कार, विश्वासजन्य परम्परागत मान्यता, लोकसाहित्य, लोक शब्दावली, धर्मदर्शन, लौकिक आचार-व्यवहार, लोकव्यवसाय, भाँडाकुँडा, गरगहना, वेशभूषा, घर-भवन, यायायातका साधन, जडीबुडी र उपचारपद्धति, खानपान र परिकार, लोकवाद्य, धार्मिक-सांस्कृतिक उत्सव, लोकखेल, लोकोत्सव, लोकसङ्गीत, चित्रकला, अभिनय, सामाजिक जीवन, जातीय जीवन, सुरक्षा-व्यवस्था, न्यायप्रणाली, डकर्मी, सिकर्मी, सुनार, लोहार, ठटेरो, बाँसकर्मी, मूर्तिकारद्वारा उत्पादित हस्तकौशलको अध्ययन गरिएको छ। यसको सारांश निम्न बुँदाहरूमा राखिन्छ-

- इन्द्रबहादुर राईका तीनैवटा सङ्ग्रहका कथाहरूमा भिन्नाभिन्नै प्रवृत्ति, शिल्प र जीवनदृष्टि पाइन्छ। सामाजिक यथार्थवादी, आयामवादी र लीलावादी उनका कथाहरूमा पाइने मुख्य प्रवृत्तिहरू हुन्। सोही प्रवृत्तिअनुकूल तिनका कथाहरूको चरण विभाजन गर्न सकिन्छ।
- इन्द्रबहादुर राईका कथामा ग्रामीण र नागर दुवै संस्कृतिको अभिव्यक्ति भएको पाइन्छ। विशेष गरी भौतिक लोक-संस्कृतिको अभिव्यक्तिले आभिजात्य र लोकजीवन बिचको अन्तर र नेपाली लोक-संस्कृति के कस्तो छ त्यसलाई चिन्ने आधार ती कथाले दिने काम गरेको छ।
- राईका चालीसैवटा आलोच्य कथामा लोकआस्था, ठेट शब्दको प्रयोग, सुनकेशरी मैयाँको प्रसङ्ग,

नेपाली भाँडाकुँडा, वेशभूषा र गरगहना, विभिन्न जातजातिका रहनसहनको चित्रण हुनाले नेपाली लोक-संस्कृतिको चित्रण खुबै कलात्मक ढङ्गमा भएको देखिन्छ।

- नेपाली खानपान वा परिकार ढिँडो, सेलरोटी, सखरखण्डको तरुल, चिउरा, सातु, नौनी घिउ, चिमफिङको ढुटो अचार, फुलौरो, छुर्पी, टिम्मुरको अचार, फर्सीको मुन्टाको सब्जी, लसुने सागको सब्जी, खोले, कालो नुनियाको भात, लिटो, बिगौती, फापर, तोङबा, भेडाको मासुले नेपाली लोकजीवन प्रकृतिसुलभ र ग्रामीण परिपाटीको रहेको देखिएको छ।
- घुम, घैयाबारी, तीनधारे, पङ्खाबारी, सिङला, गोराबारी, सिद्राबुङ, पुलबजार, दार्जिलिङ, कागझोडा, खुमोई, अलगडा आदि एकभन्दा धेरै स्थाननाम राईका कथामा उल्लेख पाइन्छन्। जसले भौगोलिक स्थलको ठेगाना र त्यसको निश्चित स्थानको बोध गराएको छ।
- राईका कथामा दार्जिलिङको लोकजीवनमा पाइने धार्मिक समन्वयवाद, रीतिथिति र लोकाचारमा त्यस्तो कुनै सामाजिक नियन्त्रण नरहेको आभास भएको छ। यसैले दार्जिलिङको लोकजीवन शैली केही भिन्न तहको छ भन्ने उनका कथाको पृष्ठभूमिबाट थाहा पाइएको छ।

अध्याय पाँचमा 'इन्द्रबहादुर राईका उपन्यासको लोक-सांस्कृतिक अध्ययन' शीर्षक राखिएको छ। यसमा आरम्भमा राईको औपन्यासिक परिचय दिइएको छ। त्यसपछि लोक-सांस्कृतिक दृष्टिले औपचारिक, भौतिक, प्रदर्शनात्मक, कार्यात्मक चार भागमा बाँडेर **आज रमिता छ** उपन्यासको विश्लेषण गरिएको छ। जसमा औपचारिक लोक-संस्कृतिमा अनुष्ठान एवम् लोकसंस्कार, विश्वासजन्य परम्परागत मान्यता, लोकसाहित्य, लोक शब्दावली, धर्मदर्शन, लौकिक आचार-व्यवहार, लोकव्यवसाय; भौतिक लोक-संस्कृतिमा भाँडाकुँडा, गरगहना, वेशभूषा, घर-भवन, यायायातका साधन, जडीबुडी र उपचारपद्धति, खानपान र परिकार, लोकवाद्य; प्रदर्शनात्मक लोक-संस्कृतिमा धार्मिक-सांस्कृतिक उत्सव, लोकखेल, लोकोत्सव, लोकसङ्गीत, चित्रकला, अभिनय, सामाजिक जीवन, जातीय जीवन, न्यायप्रणाली, सुरक्षा-व्यवस्था; कार्यात्मक लोक-संस्कृतिमा डकर्मी, सिकर्मी, सुनार, लोहार, ठटेरो, बाँसकर्मी, मूर्तिकारद्वारा उत्पादित हस्तकौशलहरूको अध्ययन गरिएको छ। यसको अन्त्यमा अध्यायगत निष्कर्ष दिइएको छ। यस अध्यायको सारांश निम्नप्रकार राखिन्छ-

- **आज रमिता छ** (सन् १९६४) उपन्यास पुस्तकाकारमा प्रकाशित हुनुभन्दा अघि 'अञ्जलि' (जेठ-

असार २०१६) पत्रिकामा धारावाहिक उपन्यास भनेर छापिएको पाइन्छ।

- विसङ्गतिवाद यस उपन्यासको औपन्यासिक प्रवृत्ति हो। परम्परित संरचना-व्यवस्थालाई तोड्न खोज्नु यस उपन्यासको सचेत खालको विसङ्गति हो भन्ने मानिन्छ।
- ब्रिटिश् साम्राज्यवादले भारत र दार्जिलिङदेखि बिदा लिइसकेको तर देशी उपनिवेशवादले त्यो स्थान लिएको समयका दार्जिलिङको लोकजीवनलाई लिएर लेखिएका हुनाले यो आञ्चलिक उपन्यास हो भन्छ सकिन्छ।
- आलोच्य उपन्यासमा दार्जिलिङका लोकजीवनले मानिआएको लोकरीतिरिबाज, लोकविश्वास, परम्परा, भौतिक र मौखिक संस्कृतिहरू, सीप-कौशलता, न्यायप्रणाली, यहाँका स्थाननामहरू, रहनसहन, खानपान र परिकार आदि सांस्कृतिक वैशिष्ट्यहरूको प्रस्तुति देखिन्छ।
- उपन्यासको कथ्य परिवेशका रूपमा रहेको दार्जिलिङमा विभिन्न धर्मका संस्कार-संस्कृतिलाई पालन गरिँदै आए पनि प्रत्येक जातगोष्ठीले आफ्नो चिनारी र सांस्कृतिक वैशिष्ट्यलाई अँगालेर बस्न र त्यसलाई संवर्धन गर्न सकेको तथ्य भेटिन्छ।
- चियाबारीका लोकजीवनको चित्रण उपन्यासमा पाइने थप महत्त्वपूर्ण विशेषता हो। चियाकमानका श्रमिकहरूको दैनिक अवस्था, प्रशासनिक हेपाइ र तिनीहरूको असुरक्षित भविष्यलाई यथातथ्य प्रकाश पार्ने यस उपन्यासमा लोकजीवनको सच्याइ, सङ्घबद्धता र पारस्परिकता –जस्ता लोक-सांस्कृतिक तत्त्वलाई प्रकाश पारिएको छ।
- चियाबारीमा बसोवास गर्ने लोकजीवनको रहनसहन, मूल्य मान्यता, बोलीभाषा, कमेरो माटोले लिपपोत गरेको घरनिर्माण शैली आदि लोक-सांस्कृतिक पक्ष प्रस्तुत भएको छ।

अध्याय छमा 'उपसंहार र निष्कर्ष' शीर्षक राखिएको छ। यस अध्यायको उपसंहारअन्तर्गत यस शोधकार्य गर्दा कुन कुन विषयहरूलाई विशेष ध्यान दिइएको छ त्यसबारे प्रकाश पारिएको छ। त्यसपछि इन्द्रबहादुर राईका गद्याख्यानको लोक-सांस्कृतिक अध्ययन गरेपछि पाइएका तथ्य र सङ्कलित सामग्रीहरूबाट प्राप्त जानकारीलाई यस शोधकार्यको प्राप्ति निष्कर्षका रूपमा राखिएको छ। जसको सारांश निम्नलिखित बुँदाहरूमा राखिन्छ-

- कथा र उपन्यास साहित्यको सबैभन्दा लोकप्रिय आख्यानात्मक विधा हो। दुवैको मूलस्वर आख्यानात्मक हुन्छ र दुवैको गद्यात्मक शैली हुन्छ, त्यसो हुँदा कथा र उपन्यासलाई गद्याख्यान भनिन्छ।
- पात्रको जीवनकाल, जीवनसादृश्य, विश्वसनीय यथार्थ घटना र मानसिक मनोदशाको प्रदर्शनले गर्दा कथा र उपन्यासमा समानताका लक्षणहरू हुन्छन्।
- उपन्यासमा जीवनका समग्र प्रदर्शन रहेको हुन्छ भने कथामा जीवनको एक झल्को मात्र प्रदर्शित हुन्छ। यसैले उपकरणमा मात्रात्मक सीमा हुनाका कारण कथा र उपन्यास दुई भिन्न स्वतन्त्र आख्यानात्मक विधाहरू हुन्।
- लोक-संस्कृति 'लोक' र 'संस्कृति' दुईवटा शब्द मिलेर बनेको सम्मेलित रूप हो। जसले लोकद्वारा उत्पादित संस्कृतिलाई बुझाउँछ। तापनि लोक र संस्कृति भिन्नाभिन्नै शब्दहरू हुन्।
- 'लोक' सभ्य समाजभन्दा भिन्न कृषिजीवी, खटिखाने जो एउटा निर्दिष्ट भूगोलमा बसोवास गर्ने, एकैप्रकारका अर्थोपाजन पद्धति भएका साथै एकैप्रकारका रीतिरिबाज, विश्वास, रहनसहन, चाडपर्व आदि पालन गर्ने मानव समुदायलाई भनिन्छ।
- संस्कृतिको अर्थ शुद्ध तथा परिष्कृत पारिएको पूर्ण सिर्जना वा मानवीय चेष्टा हो।
- लोकजीवन यापन गर्ने पद्धति लोक-संस्कृति हो। त्यसैले यो लोकको जीवनशैली, परम्परागत आस्था र विश्वास, जातीय संस्कार र मानवीय दैनन्दिनी व्यवहार हो।
- लोक-सांस्कृतिक अध्ययनमा संस्कृतिलाई छुन र देख्न सकिने मूर्त संस्कृति र देख्न र छुन नसकिने तर आस्वादन गर्ने सकिने अमूर्त संस्कृति भनी विभाजन गरेर अध्ययन गर्न सकिन्छ।
- लोक-संस्कृति र लोकवार्ता एउटै विषयलाई जनाउने र प्रायः एउटै विषयलाई समेट्ने भए पनि हरेक जाति, भूगोलका समुदायको लोकजीवन सञ्चालनको पद्धति लोक-संस्कृति हो र त्यसैको प्रदर्शन लोकवार्ता हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।
- नेपाली लोक एवम् जातीय कला, संस्कृति रीतिथिति, वेशभूषा, रहनसहन, खानपान र अन्य वैभवलाई उपान्तबाट उठाएर भारतीय समाजको केन्द्रमा स्थापित गराउने काम इन्द्रबहादुर राईका

गद्याख्यानले गरेको देखिन्छ।

- इन्द्रबहादुर राईका गद्याख्यानमा नेपाली लोकजीवनका विभिन्न लोक-सांस्कृतिक वैशिष्ट्यहरूको निरूपण भएको छ। नेपालीहरूको जीवनपद्धति के कस्तो रहेको छ भन्ने विवरण उनका कथा र उपन्यास उद्धृत भएको छ।
- दार्जिलिङको भूखण्डभित्र बसोवास गर्ने सम्पूर्ण नेपाली, अनेपाली लोकजीवनको सांस्कृतिक बिम्ब उनका कथा र उपन्यासले सक्दो उतार्न सकेको छ।
- आलोच्य उपन्यासले ब्रिटिश् साम्राज्यवादले भारत र दार्जिलिङदेखि बिदा लिइसकेको तर देशी उपनिवेशवादले त्यो स्थान लिएको समयलाई प्रस्तुत गर्नाले उपन्यासमा आञ्चलिक संस्कृतिले स्थान पाएको छ।
- उनका गद्याख्यानमा नेपाली लोकजीवनमा प्रचलित सामाजिक संस्कारहरूको चित्रण-वर्णन भएको छ। उपन्यासकार स्वयम् किराती हुनाले उनका कथा र उपन्यास दुवैमा किराती विवाहसंस्कारको चित्रण भएको पाइएको छ।
- दार्जिलिङमा बसोवास गर्ने प्रत्येक जातगोष्ठीले आफ्नो चिन्हारी र सांस्कृतिक वैशिष्ट्यलाई अँगालेर बस्न र त्यसलाई संवर्धन गर्न सकेको तथ्योद्घाटन उनका गद्याख्यानले गरेको छ। हिन्दू, किरात, बौद्ध, इसाई, इस्लाम आदि विभिन्न धर्मका मानिसहरूको वास भएको थलो हो भन्नु कुनै अत्युक्ति हुँदैन।
- सबै पात्रले आफ्नो धार्मिक मान्यताअनुसार विभिन्न अनुष्ठान, संस्कार, प्रथा आदि पालन गरेको देखिन्छ। यीमध्ये शास्त्र र राष्ट्रद्वारा निर्धारित विभिन्न चाडपर्व र सामाजिक उत्सवहरू सामूहिक रूपमा पालन गरेको देखिन्छ। तर दार्जिलिङको स्थानीय लोकजीवन र तिनको संस्कृति धार्मिक दृष्टिले भन्दा अधिक सामाजिक-सांस्कृतिक रूपमा विद्यमान छ भन्न सकिन्छ।
- एक अर्काको धर्म, संस्कृति र जातीयता माथिको विश्वास र समझदारीको उत्तम नमुना दार्जिलिङको नेपाली लोकजीवन शैलीको चित्रण राईका कथामा भएको छ। यही सन्दर्भ माथिको भनाइमा प्रासङ्गिक छ।
- लिम्बू र लेप्चा जनजातिबाहेक मगर संस्कृतिको चित्रण पनि उनका कथामा भएको छ। मगरहरूमा

प्रचलित मामा चेली र फुपू चेलाबिच हुने कुटुम्ब विवाह प्रथा पाइन्छ। यस प्रथा नेपाली लोक-संस्कृतिमा यद्यपि कायम नै रहेको देखिन्छ।

- मितेरी सगोत्रीय सम्बन्धमा बिहेबारी नचल्ने लोकदस्तुर र नेपाली मौलिक लोकपरम्परालाई आलोच्य कथामा राम्रोसित प्रस्तुत गरिएको छ। यस्ता कतिपय संस्कृतिहरूले गर्दा नेपाली लोकजीवन अन्य लोकजीवनभन्दा भिन्न र समृद्ध रहेको अनुभूति दिएको छ।

- राईका गद्याख्यानमा धातु, काठ, माटो, बाँस, पाट, पात आदिद्वारा उत्पादित भाँडाकुँडा एवम् घरेलु भौतिक सामग्रीहरूका साथै बुनाइ कौशलको उल्लेख भएकाले राईका आख्यानका वर्णित पात्र र त्यससित सम्बन्धित जाति कलात्मक रहेको देखिन्छ।

- राईका कथाहरू र उपन्यासमा किरात लोकदर्शनको अभिव्यक्ति भएको पाइन्छ। किरातहरू प्रकृति र पितृपूजक समुदायका हुन्। जसको चित्रण न्वागी पूजा, देउराली पूजा, टिस्टा र रङ्गीतमा पैसा चढाएको, हिमाललाई हात जोडेको आदि प्रसङ्गमा भएको छ। प्रकृतिसित नेपाली लोकजीवनको निकट सम्बन्ध रहेको छ भन्ने यसले अवगत गरेको छ।

- लोकऔषधि एवम् घरेलु उपचारपद्धति र झाँक्रीकर्मको प्रसङ्गलाई इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने नेपाली लोकजीवनको महत्त्वपूर्ण र प्रचलित परम्परा मान्न सकिन्छ।

- कथानक रूढिलाई अभिप्राय भनिन्छ। एउटा कथाबाट अर्को कथालाई भिन्न देखाउन प्रयोग गरिने तत्त्व कथानक रूढि हो। राईका गद्याख्यानमा चरित्रसम्बन्धी धोकासम्बन्धी, धर्मसम्बन्धी, दण्डसम्बन्धी, क्रूरतासम्बन्धी, राक्षससम्बन्धी, यौनसम्बन्धी विभिन्न अभिप्राय वर्णित हुनाले रोचकता पाइन्छ।

- लोकले परम्पराबाट ग्रहण गरेर ल्याएको मान्यता नै लोकविश्वास हो। अथवा लोकले रीतिरिबाज, चालचलन, धर्मकर्मप्रति राखेको दृढ आस्था र परम्परागत विश्वास नै लोकविश्वास हो। राईका आख्यानको लोकले त्यस्ता विश्वासजन्य परम्परागत मान्यताहरू भूतप्रेत, लगन, सपना, ग्रहदशासम्बन्धी, भाग्य, ईश्वर, बार, शकुन-अपशकुन, जोखाना, ग्रहदशासम्बन्धी विश्वासलाई पालन गरेका छन्। प्रत्येक जातिको लोकजीवनका आधार त्यस्ता लोकविश्वासहरू हुन् भन्न सकिन्छ

- लोकनाच, स्थानीय बोली तथा विभिन्न झर्रा शब्द र स्थाननामहरूले राईका गद्याख्यानमा नेपाली

लोकजीवन र संस्कृतिको ढुकढुकी प्रस्तुत गरेको छ भने भैलो, देउसी, जुहारी, हाक्पारे आदि विभिन्न लोकगीत तथा लोकसङ्गीतको प्रसङ्गले उनका गद्याख्यान नेपाली लोकजीवनको अत्यन्त निकट पुग्न सकेको छ।

- ढिँडो, सेलरोटी, सखरखण्डको तरुल, चिउरा, चिमफिङको अचार, फुलौरो, छुर्पी, टिम्मुरको अचार, फर्सीको मुन्टाको सब्जी, नुनियाको भात, फापर, तोङबा, भेडाको मासु आदि उनका आख्यानमा पाइने नेपाली लोकजीवनमा प्रचलित खानपान वा परिकारहरू हुन्। यस खाद्यपरिकारले नेपाली जातिको सांस्कृतिक रहनसहनको परिचय दिन्छ।
- विविध नेपाली लोकजीवनका सांस्कृतिक अवयवहरू पनि विविध प्रकारका नै छन्। नेपाली लोकजीवन ग्राम्य परिवेशमै हुर्की बढेकाले प्रकृतिसँग तिनीहरूको प्रगाढ सम्बन्ध रहेको छ। लोकजीवनले आफ्नो परम्परागत संस्कृतिलाई संरक्षण दिएको हुन्छ भन्ने कुरा राईका रचित आख्यानबाट बुझिएको छ।